# मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

कर्णाली प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

# मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

**प्रस्तावना:** कर्णाली प्रदेशका आर्थिक सामाजिक रुपमा पछाडि परेका महिलाको सहकारी संस्थामा संस्थागत पूँजी वृद्धि मार्फत कर्जा एवम् आयआर्जन क्रियाकलापमा पँहुच बढाई महिलालाई स्वरोजगार बनाउन मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०७८ को दफा ९ को उपदफा (१) बमोजिम कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले कार्यक्रम अन्तर्गत सहकारी संस्थाको संस्थागत पूँजीको रुपमा जगेडा कोषमा जम्मा भई कार्यक्रमको उद्देश्य बमोजिम परिचालन हुने गरी उपलब्ध गराइने बीउ पूँजी अनुदानको रकम सम्झनु पर्छ।

(ख) "आयआर्जन क्रियाकलाप" भन्नाले दफा ४ बमोजिमका क्षेत्रमा सञ्चालन गरिने आयआर्जन क्रियाकलाप सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि विकास निर्देशनालय र कृषि विकास कार्यालय सम्झनु पर्छ।

(ङ) "जगेडा कोष" भन्नाले कुनै पनि शेयर सदस्यको व्यक्तिगत हक नलाग्ने र बाँडफाँट गरी वितरण गर्न नमिल्ने प्रचलित कानून तथा यस कार्यविधि बमोजिम स्वीकृत कार्यक्रममा परिचालन गर्न सकिने सहकारी संस्थाको साझा पूँजी सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(छ) "लाभग्राही" भन्नाले दफा ५ बमोजिमको लाभग्राही सम्झनु पर्छ।

(ज) "शेयर पूँजी" भन्नाले सहकारी संस्थाको चुक्ता शेयर पूँजी सम्झनु पर्छ।

(झ) "समिति" भन्नाले दफा १० को उपदफा (१) बमोजिमको समन्वय तथा सहजीकरण समिति सम्झनु पर्छ।

(ञ) "सहकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको महिला मात्र शेयर सदस्य रहेको सहकारी संस्था सम्झनु पर्छ।

(ट) "सहकारी स्वयंसेवक" भन्नाले दफा १५ को उपदफा (१) बमोजिम परिचालन गरिने सहकारी महिला स्वयंसेवक सम्झनु पर्छ।

३. **अनुदान उपलब्ध गराइने:** (१) प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा सहकारी संस्थालाई संस्थाको परियोजना प्रस्ताव, विपन्नता, दुर्गमता र लाभग्राही शेयर सदस्य संख्याका आधारमा समितिको निर्णय

बमोजिम बिउ पूँजी अनुदान उपलब्ध गराइनेछ।

(२) दफा ७ बमोजिम छनौट भएका सहकारी संस्थाले उपदफा (१) बमोजिम प्राप्त अनुदान रकम दफा १३ बमोजिम हुने गरी कार्यक्रमको उद्देश्य प्राप्तीको प्रयोजनमा उपयोग गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुदान रकमको उपयोग गर्दा सहकारी संस्थाले दफा १३ को खण्ड (ग) बमोजिम जगेडा कोषमा रहने रकमबाट सम्बन्धित लाभग्राही शेयर सदस्यलाई आयआर्जनका क्रियाकलाप सञ्चालनका लागि सहुलियत ब्याज दरमा ऋण सुविधा उपलव्ध गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम आय आर्जनको गतिविधिमा संलग्न नहुने वा ऋण नलिने व्यक्तिलाई लाभग्राहीको सूचीमा राख्न पाइने छैन।

(५) सहकारी संस्थाले आफ्नो विनियम र ऋण परिचालन नीति बमोजिम सामूहिक जमानी लगायतका ऋण सुरक्षण विधि अवलम्वन गर्न सक्नेछ।

४. <u>आयआर्जन क्रियाकलापः</u> सहकारी संस्थाले प्राप्त गरेको अनुदानबाट सहुलियत ब्याज दरमा ऋण लिने लाभग्राही शेयर सदस्यले **अनुसूची** ७ बमोजिमका क्षेत्रमा आयआर्जन क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ ।

५. <u>लाभग्राही पहिचानका आधारः</u> (१) कार्यक्रममा सहभागी हुन लाभग्राही पहिचान गर्नु पर्नेछ।

(२) लाभग्राही पहिचान देहायका आधारमा गर्नुपर्नेछ;-

(क) सम्बन्धित सहकारी संस्थाको कार्यक्षेत्रभित्र स्थायी रुपमा बसोबास गरेको महिला,

(ख) उद्यमशिलता र आयआर्जन सम्बन्धी व्यवसाय सञ्चालन गरिरहेको वा सञ्चालन गर्ने व्यवसायिक योजना भएको।

(३) लाभग्राही पहिचान गर्दा आर्थिक तथा सामाजिक रुपमा विपन्न तथा बेरोजगार, दलित, सिमान्तकृत, एकल महिला, अपाङ्गता भएको महिला, द्धन्द पीडित, बेपत्ता पारिएका परिवारको सदस्य, शहीद परिवारको सदस्य, घाइते, विपद पीडित, सुकुम्बासी, अल्पसंख्यक, मुस्लिम महिलालाई प्राथमिकता दिनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि पति वा आफै वा आफ्नो पालन पोषण गर्ने एकाघर परिवारको सन्तान स्थायी जागिर भएका लाभग्राहीलाई उपदफा (३) पछि प्राथमिकता दिनु पर्नेछ।

(५) अनुदान रकम लाभग्राहीमा लगानी भई मुनासिव रुपमा बच्न आएमा वा लाभग्राहीलाई ऋण आवश्यक नभई रकम मौज्दात रहने अवस्था भएमा योग्यता पुग्ने थप शेयर सदस्यलाई समेत प्राथमिकताक्रमको आधारमा सहकारी संस्थाबाट ऋण लगानी गर्न सकिनेछ।

(६) लाभग्राही पहिचान तथा सदस्यता सम्बन्धी अन्य व्यवस्था सम्बन्धित सहकारी संस्थाको विनियममा व्यवस्था भए बमोजिम हुनेछ।

६. <u>सहकारी संस्था गठनका लागि प्रोत्साहन तथा सहजीकरणः</u> (१) स्थानीय तहको वडाभित्र मात्र कार्यक्षेत्र भएका सहकारी संस्थालाई सहकारी कानून बमोजिम एकीकरण वा कार्यक्षेत्र विस्तारको प्रक्रियाबाट सम्बन्धित स्थानीय तह भरी सेवा विस्तार गर्न प्रोत्साहन तथा सहजीकरण गरिनेछ।

(२) सहकारी संस्था नभएका स्थानीय तहमा सहकारी संस्था गठन गर्न आवश्यक सहजीकरण गरिनेछ। त्यसरी सहकारी संस्था गठन गर्दा विद्यमान महिला कृषक समूहलाई सहकारीमा रूपान्तरण

गर्न प्राथमिकता दिइनेछ।

(३) सहकारी संस्था गठन तथा क्षमता अभिवृद्धि कार्यक्रमका लागि स्थानीय तहमा रहने सहकारी स्वयंसेवक मार्फत समन्वय र सहजीकरण गरिनेछ।

७. <u>सहकारी संस्था छनौटका आधारः</u> (१) अनुदान वितरणका लागि सहकारी संस्था छनौट देहायका आधारमा गरिनेछः-

(क) एक स्थानीय तहसम्म कार्यक्षेत्र भएको वा एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र भएको संस्थाको हकमा आफ्नो स्वीकृत कार्यक्षेत्रमध्ये कुनै एक स्थानीय तहको लागि छनौट हुन प्रस्ताव गरेको,

तर, एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र भइ कुनै स्थानीय तहको लागि छनौट भएको सहकारी संस्थाले छनौट भइसके पछि आफ्नो कार्य क्षेत्रका सबै सदस्यहरुलाई यस कार्यविधिबमोजिम ऋण परिचालन गर्न सक्नेछ।

(ख) अधिक लाभग्राही सदस्य भएको,

(ग) नियमित साधारण सभा गरेको,

(घ) कर चुक्ता गरेको,

(ङ) संस्थाले पेश गरेको अनुसूची-१ बमोजिमको व्यवसायिक योजनाका आधारमा सहकारी संस्थाको संस्थागत क्षमता,

(च) नियमित रुपमा लेखापरीक्षण गरेको,

(छ) सहकारीको मुल्य, मान्यता सिद्धान्तको पालना गरी सञ्चालन भएको,

(ज) सहकारी सम्बन्धि प्रचलित ऐन, कानून बमोजिम सजाय नपाएको,

(झ) स्थानीय तहभरी कार्यक्षेत्र नभएका सहकारी संस्थाको हकमा सहकारी कानून बमोजिम कार्यक्षेत्र विस्तार गरी सदस्यता समेत बिस्तार गर्ने प्रतिवद्धता,

(ञ) यस कार्यविधि बमोजिमको प्रकृतिका कार्यको लागि अन्य कार्यक्रमहरूबाट अनुदान प्राप्त नगरेको,

(ट) अनुदान उपलव्ध गराउने निकायले आवश्यक ठानेका सहकारी सुशासन सम्बन्धी अन्य सूचकहरु पूरा गरेको।

(२) समितिले सहकारी संस्था छनौट गर्ने प्रयोजनका लागि उपदफा (१) बमोजिमका आधारमा सहकारी संस्था मूल्याङ्कनका वस्तुगत सूचक तथा मापदण्ड तयार गर्न सक्नेछ।

८. <u>प्रस्ताव माग गर्नु पर्नेः</u> (१) भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालयले सहकारी संस्थालाई अनुदान उपलब्ध गराउने प्रयोजनका लागि भाद्र मसान्तभित्र अनुसूची-२ बमोजिमको ढाँचामा राष्ट्रिय स्तरको पत्रिकामा पन्ध्र दिन अवधिको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नु पर्नेछ। त्यस्तो प्रस्ताव मागको सूचना स्थानीय पत्रिका, मन्त्रालय, कार्यालय र स्थानीय तहको सूचना पाटी वा वेबसाइट लगायतका सञ्चार माध्यमबाट समेत सार्वजनिकीकरण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको सूचना बमोजिम अनुदान लिन चाहने सहकारी संस्थाले अनुसूची-३ बमोजिमको ढाँचामा सुर्खेत जिल्लाको हकमा कृषि विकास निर्देशनालय र अन्य जिल्लाको हकमा

सम्बन्धित जिल्ला कृषि विकास कार्यालयमा प्रस्ताव पेश गर्नुपर्नेछ।

९. <u>प्रस्ताव मूल्याङ्कन तथा छनौटः</u> (१) दफा ८ को उपदफा (२) बमोजिम पेश हुन आएका प्रस्ताव मूल्याङ्कनको लागि कर्णाली प्रदेशका प्रत्येक जिल्लामा देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रमुख, कृषि विकास कार्यालय | - संयोजक |
| (ख) प्रमुख वा प्रतिनिधि, प्रदेश लेखा इकाई कार्यालय | - सदस्य |
| (ग) प्रवन्धक वा प्रतिनिधि, राष्ट्रिय वाणिज्य बैंक वा नेपाल बैंक वा राष्ट्रिय सहकारी बैक वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त अन्य कुनै बैंक | - सदस्य |
| (घ) अध्यक्ष वा प्रवन्धक, जिल्ला सहकारी सङ्घ वा अन्य कुनै विषयगत सहकारी सङ्घ | - सदस्य |
| (ङ) प्रमुख, प्रशासन शाखा, कृषि विकास कार्यालय | - सदस्य-सचिव |

(२) समितिले आवश्यकतानुसार दुई जनासम्म विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले प्राप्त प्रस्तावहरुमध्येबाट यस कार्यविधि बमोजिमका आधार, प्रक्रिया र कागजात पुगेका सहकारी संस्थाहरुको मूल्याङ्कन गरी योग्य देखिएको प्राथमिकता क्रमको आधारमा संस्थाहरुको स्थानीय तहगत रुपमा छुट्टाछुट्टै सूची तयार गरी सूचनाको अन्तिम मिति समाप्त भएको पन्ध्र दिनभित्र मन्त्रालय मार्फत समितिमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएका संस्थाले समिति समक्ष सूचना प्रविधिको उपयुक्त माध्यमबाट प्रस्तावको प्रस्तुतीकरण गर्नु पर्नेछ र सो को मूल्याङ्कनका आधारमा प्रत्येक स्थानीय तहबाट कम्तीमा एउटा संस्था पर्ने गरी समितिबाट संस्था छनौट तथा अनुदान रकम स्वीकृत गरिनेछ।

(५) उपदफा (४) बमोजिम प्रस्तुतीकरणको मूल्याङ्कनका आधार समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(६) छनौट भएका सहकारी संस्थाको विवरण मन्त्रालय र अनुदान वितरण गर्ने कार्यालयको वेबसाईट र सूचना पाटीमा प्रकाशन गर्नु पर्नेछ।

(७) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

१०. <u>समन्वय तथा सहजीकरण समितिः</u> (१) कार्यक्रमको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्न देहाय बमोजिमको एक समन्वय तथा सहजीकरण समिति रहनेछः-

| | |
|---|---|
| (क) मुख्यमन्त्री, कर्णाली प्रदेश सरकार | - संयोजक |
| (ख) मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | - सदस्य |
| (ग) सचिव, शासकीय सुधार महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (घ) रजिष्ट्रार, भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय | - सदस्य |
| (ङ) सचिव, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | - सदस्य-सचिव |

(२) समितिको आवश्यकता अनुसार बढीमा दुई जना विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

११. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अनुदानका लागि सहकारी संस्था छनौट गर्ने आधार र सूचक निर्धारण गर्ने,

(ख) अनुदान वितरणको लागि सहकारी संस्था छनौट गरी अनुदान रकमको समन्यायिक बाँडफाँट र स्वीकृत गर्ने,

(ग) कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्ने सम्बन्धमा आवश्यक नीतिगत मार्गदर्शन दिने,

(घ) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने।

१२. **<u>अनुदान परिचालनः</u>** (१) दफा ९ बमोजिम छनौट भएका सहकारी संस्थालाई सुर्खेत जिल्लाको हकमा कृषि विकास निर्देशनालय सुर्खेत र अन्य जिल्लाको हकमा सम्वन्धित जिल्लाको कृषि विकास कार्यालयले पन्ध्र दिनको समय दिई देहायका कागजात सहित सम्झौता गर्न आउन जानकारी दिनु पर्नेछः-

(क) कार्यालयसँग सम्झौता गर्न सहकारी संस्थाको तर्फबाट आधिकारिक प्रतिनिधि तोकिएको सञ्चालक समितिको निर्णय र अनुसूची-४ बमोजिमको प्रतिबद्धता पत्र,

(ख) लाभग्राही शेयर सदस्यको नाम, ठेगाना, सदस्यता नम्बर र सदस्यता मिति खुलेको संस्थाको अध्यक्ष तथा व्यवस्थापकबाट प्रमाणित भएको बिवरण,

(ग) अनुदान रकम जम्मा गर्ने प्रयोजनको लागि सहकारी संस्थाको नाममा खुलेको आधिकारिक बैंक खाता नम्बर, वैंकको नाम र ठेगाना खुलेको चेकको प्रतिलिपि,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिमका कागजात सहित सम्झौता गर्न पठाएको सहकारी संस्थाको पत्र।

(२) उपदफा (१) बमोजिम सम्झौता गर्न वोलाउने कार्यालयले आवश्यक कागजात सहित सम्झौता गर्न आएका सहकारी संस्थासँग अनुसूची-५ बमोजिमको ढाँचामा सम्झौता गरी अनुदान रकम उपलब्ध गराउनु पर्नेछ।

(३) सहकारी संस्थाले उपदफा (२) बमोजिम प्राप्त अनुदान रकमबाट सामूहिक जमानी वा सम्बन्धित सहकारी संस्थाको विनियम वा ऋण नीति बमोजिम ऋण सुरक्षण विधि अपनाई लाभग्राही शेयर सदस्यलाई आयआर्जनका क्रियाकलाप सञ्चालन गर्न ऋण उपलव्ध गराउनु पर्नेछ। त्यसरी उपलव्ध गराउने ऋणको सिमा प्रति लाभग्राही बढीमा वार्षिक दुई लाख रुपैयाँसम्म हुनेछ।

(४) उपदफा (३) बमोजिम ऋण उपलब्ध गराए बापत सहकारी संस्थाले वार्षिक अधिकतम् पाँच प्रतिशतसम्म ब्याज लिन सक्नेछ।

१३. **<u>कार्यक्रम सञ्चालनः</u>** (१) सुर्खेत जिल्लाको हकमा कृषि विकास निर्देशनालय सुर्खेत र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाको कृषि विकास कार्यालयले कार्यक्रम सञ्चालनका लागि प्राप्त बजेटको एक दशमलव पाँच प्रतिशत रकम कन्टिन्जेन्सीको लागि छुट्याई बाँकी रकम उपदफा (२) बमोजिम सहकारी संस्थालाई अनुदानको रुपमा उपलब्ध गराउनु पर्नेछ।

(२) सहकारी संस्थाले कार्यक्रम सञ्चालनका लागि प्राप्त गरेको अनुदान रकम देहाय बमोजिम वर्गीकरण गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछः-

(क) सहकारी स्वयंसेवक परिचालन वा क्षमता अभिवृद्धि कार्यक्रम - सात प्रतिशत

(ख) कार्यक्रम सञ्चालन प्रशासनिक खर्च - एक प्रतिशत

(ग) सहकारी संस्थाको जगेडा कोष - असी प्रतिशत

(घ) व्यावसायिक उत्पादन र बजारीकरण व्यवस्थापन वा संस्थागत पूर्वाधार निर्माण - बाह्र प्रतिशत

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम प्राप्त हुने अनुदान सहकारी संस्थाको जगेडा कोषमा संस्थागत पूँजीको रुपमा जम्मा गरी सोको अभिलेख राखी कार्यक्रम संचालन गर्नु पर्नेछ।

(४) उपदफा (२) को खण्ड (घ) बमोजिमको रकमबाट स-साना समूह वा व्यक्तिगत रूपमा सहकारी संस्थाका शेयर सदस्यले सञ्चालन गरेका व्यवसाय वा क्रियाकलापबाट उत्पादित कृषि उपजको सङ्कलन, भण्डारण, प्रशोधन र बजारीकरणका लागि संस्थागत पूर्वाधार निर्माण तथा मेसिन खरिद गर्न सकिनेछ। त्यस्तो पूर्वाधार तथा मेसिनको स्वामित्व सम्बन्धित सहकारी संस्थामा रहनेछ।

१४. <u>अनुदान उपलब्ध नहुने:</u> कार्यक्रम अन्तर्गत एक पटक अनुदान प्राप्त गरिसकेको सहकारी संस्थालाई पुनः अनुदान उपलब्ध हुने छैन।

तर अनुदान रकमको प्रभावकारी परिचालन तथा सदुपयोग गरी शेयर सदस्यको आम्दानीमा उल्लेखनीय सुधार ल्याउने सहकारी संस्थालाई मूल्याङ्कन गरी आवश्यकता र औचित्यको आधारमा आगामी वर्षमा समेत थप अनुदान उपलब्ध गराउन सकिनेछ।

१५. <u>सहकारी स्वयंसेवक:</u> (१) छनौट भएको सहकारी संस्थामा समन्वय, क्षमता विकास, तथ्याङ्क सङ्कलन, अभिलेखीकरण, शेयर पूँजी परिचालन, कार्यान्वयन, अनगुमन र प्रतिवेदन गर्ने कार्यको सहजीकरणका लागि जनशक्तिको अभाव भएमा एक जना सहकारी स्वयंसेवक परिचालन गर्न सकिनेछ।

(२) सहकारी संस्थाले सहकारी स्वंयसेवक छनौट देहाय बमोजिमका योग्यताको आधारमा गर्नु पर्नेछः-

(क) अठार वर्ष उमेर पूरा भएको नेपाली नागरिक,

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण भएको,

(ग) सूचना प्रविधि तथा कम्प्युटर सञ्चालन सम्बन्धी कम्तिमा १५ दिनको तालिम लिइ आधारभूत ज्ञान हासिल गरेको,

(घ) समुदाय परिचालनमा कम्तिमा ३ महिनाको अनुभव भएको,

(ङ) सहकारी संस्थाको कार्यक्षेत्र भित्रको वासिन्दा,

(च) सहकारी संस्थाले तोकेका अन्य आधार।

(३) सहकारी स्वयंसेवकको कार्य विवरण अनुसूची-६ बमोजिम हुनेछ।

(४) सहकारी स्वयंसेवकको सेवा सुविधा दफा १३ को उपदफा (१) को खण्ड (क) को परिधिभित्र रही सम्बन्धित सहकारी संस्थाले तोके बमोजिम हुनेछ।

१६. <u>लाभग्राही शेयर सदस्यको कर्तव्य:</u> लाभग्राही शेयर सदस्यको कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) सहकारी संस्थाबाट व्यवसायिक योजनाका आधारमा प्राप्त ऋण स्वरोजगार तथा उद्यमशिलतामा लगानी गरी आयआर्जन गर्ने,

(ख) परियोजनाको आम्दानीबाट नियमित रूपमा बुझाउनु पर्ने ब्याज तथा साँवा समयमै बुझाउने,

(ग) तोकेको अवधिभित्र प्रस्ताव बमोजिमको कार्यक्रम सम्पन्न गर्ने,

(घ) प्राप्त शेयर पूँजीको अधिकतम् सदुपयोग गरी सहकारी संस्थाका अन्य महिला सदस्यलाई समेत आयआर्जनको अवसर उपलव्ध गराउने।

१७. <u>बजेट बाँडफाँटः</u> कार्यक्रमको लागि समितिले सम्बन्धित पालिकाको विपन्नता, दुर्गमता, महिला जनसंख्या लगायतका आधारमा कार्यक्रम तथा सञ्चालन खर्चको बजेट बाँडफाँट गर्नेछ।

१८. <u>कार्यक्रमको निरन्तरताः</u> कार्यक्रमलाई परियोजनाको रुपमा सहकारी संस्थाको कार्य प्रगति, उपलब्धि र प्रभाव विश्लेषणका आधारमा प्रदेश सरकारले निरन्तर रुपमा सञ्चालन गर्न सक्नेछ।

१९. <u>सूचना प्रविधिको प्रयोगः</u> मन्त्रालयले कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न सूचना प्रविधि प्रयोगमा ल्याउन सक्नेछ।

२०. <u>सार्वजनिकीकरणः</u> (१) सहकारी संस्थाले आफूले प्राप्त गरेको अनुदान र सोको परिचालन सम्बन्धी विवरण मासिक एवम् वार्षिक रुपमा सम्बन्धित स्थानीय तह र अनुदान उपलब्ध गराउने कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) अनुदान उपलब्ध गराउने कार्यालयले उपदफा (१) बमोजिम प्राप्त विवरण र सहकारी संस्थालाई अनुदान उपलब्ध गराइएको रकमको विवरण वेबसाइट लगायतको संचार माध्यमबाट सार्वजनिकीकरण गर्नु पर्नेछ।

२१. <u>अनुगमन तथा मूल्याङ्कनः</u> (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयन, समन्वय, प्रतिवेदन र अनुगमनका लागि सुर्खेत जिल्लाको हकमा कृषि विकास निर्देशनालय र अन्य जिल्लाको हकमा जिल्ला कृषि विकास कार्यालयले एक जना कर्मचारीलाइ सम्पर्क व्यक्ति तोक्नेछ। त्यसरी सम्पर्क व्यक्ति तोक्दा उपलब्ध भएसम्म अधिकृत कर्मचारीलाई तोक्नु पर्नेछ।

(२) सम्पर्क व्यक्तिले कार्यक्रम कार्यान्वयनको एकीकृत प्रतिवेदन तयार गरी मासिक रुपमा मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रमको मन्त्रालय, प्रदेश योजना आयोग, कार्यालय वा सम्बन्धित स्थानीय तह, भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय, जिल्ला सहकारी संघ र जिल्ला समन्वय समितिले आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ र अनुगमनमा सहयोग गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ।

(४) मन्त्रालयले कार्यक्रम कार्यान्वयनको प्रगति तथा अनुगमन प्रतिवेदन चौमासिक रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नु पर्नेछ।

२२. <u>अनुदान अन्यत्र प्रयोग गर्न नपाउनेः</u> (१) सहकारी संस्था र शेयर सदस्यले अनुदान रकमलाई परियोजना प्रस्ताव अनुसार व्यवसायिक प्रयोजनमा बाहेक अन्यत्र प्रयोग गर्न पाउने छैन।

(२) अनुदान रकम कार्यक्रमको उद्देश्य अनुसार अनिवार्य परिचालन गर्नु पर्नेछ। कार्यक्रम सञ्चालन नगरी निष्कृय राख्न पाइने छैन। अनुदान रकम निष्कृय रुपमा राखेको वा उद्देश्य विपरीत प्रयोग गरेको पाइएमा सहकारी संस्थाले सरकारी बाँकी सरह प्रदेश सरकारलाई प्रचलित दरको ब्याज र

उक्त ब्याज बराबरको हर्जना सहित फिर्ता गर्नु पर्नेछ।

(३) अनुदान रकम परियोजना प्रस्ताव बाहेक अन्य प्रयोजनमा प्रयोग गरेमा, दुरुपयोग गरेमा, हिनामिना वा अनियमितता गरेको पाइएमा सम्बन्धित जिम्मेवार पदाधिकारी तथा सदस्यबाट सरकारी बाँकी सरह दामासाहीले ब्याज र सो बरावरको हर्जना सहित असुल उपर गरी प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

२३. <u>अनुसूचीमा हेरफेर गर्न सक्ने</u>: मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यकतानुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

२४. <u>बाधा अडकाउ फुकाउने</u>: यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा कुनै बाधा अड्काउ उत्पन्न भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसुची-१

(दफा ७ उपदफा (१) को खण्ड (ङ) सँग सम्बन्धित)

**व्यवसायिक योजनाको ढाँचा**

(क) उद्देश्यः

(ख) कार्यः

(ग) शेयर सदस्य संख्याः

(घ) स्थिर पूंजीः

१. जग्गा र भवन रु. ...... ........ ......।-

२. फर्निचर रु. ...... ........ ......।-

३. मेशिनरी औजार रु. ...... ........ ......।-

४. ....... ........ मेसिन रु. ...... .... ... .....।-

५. ...... .... .... रु. ...... .... .... ......।-

६. ...... ........ ...... रु. ...... .... .... ......।-

७. अन्य ....... ........ ......रु. ...... .... .... ......।-

(ङ) कुल जम्मा स्थिर पूँजी रु. ...... ........ ......।-

(च) ब्यवसायिक प्रयोजनको लागि कुल चालु पूँजी

१. कच्चा पदार्थहरु एकमुष्ठ रु. ...... ........ ......।-

२. उत्पादन, प्रशोधन तथा बजार तयारी लागत मुल्य रु. ..... ........।-

३. अन्य सामाग्रीहरुको लागि एकमुष्ठ कुल रु. ..... ........।-

(छ) कुल चालु पूँजी रु. ..... ........।-

(ज) जम्मा आवश्यक (ङ) र (छ) को लागि जम्मा रु. ..... ........।-

(झ) पूँजीको स्रोत

१. शेयर पूँजी रु. ..... ........।-

२. अनुदान बापत प्राप्त हुने पूँजी रु. ..... ........।-

३. बैंक तथा वित्तीय संस्थामा रहेको रकममा प्राप्त ब्याज रु. ..... ........।–

४. जगेडा कोष रु. ..... ........।–

५. वैंक तथा वित्तीय संस्थाबाट ऋण रु. ..... ........

६. अन्य रु. ..... ........

(ञ) पूँजी स्रोत जम्मा रु. ..... ........।–

(ट) संस्थाको आय / आम्दानी

१. . ..... .... .... बिक्री रु. ..... ........।–

२. . ..... .... ....

३. . ..... .... ....

(ठ) संस्थाको आय वा आम्दानी जम्मा रु. ..... ........।–

(ड) संस्थाको व्यय वा खर्च

१. तलव तथा ज्याला रु. ..... ........।–

२. अतिरिक्त प्रोत्साहन रकम रु. ..... ........।–

३. मसलन्द/प्रशासनिक खर्च रु. ..... ........।–

४. ऋणको ब्याज फिर्ता रु. ..... ........
५. सम्पत्तिमा ह्रास कट्टी रु. ..... ........।–
६. मर्मत सम्भार रु. ..... ........।–
७. ईन्धन तथा उर्जा रु. ..... ........।–
८. व्यवसायगत चालु खर्च रु. ..... ........।–
९. विविध खर्च रु. ..... ........।–

(ढ) जम्मा खर्च वा व्यय रु. ..... ........।–

(ण) जम्मा नाफा वा घाटा (ब्यय वा खर्च भन्दा आय वा आम्दानी धेरै भएमा नाफा र कम भएमा
१. आय वा आम्दानी (ठ) जम्मा रु. ..... ........।–
२. व्यय वा खर्च (ढ) जम्मा रु. ..... ........।–
३. खुद नाफा वा घाटा रु. ..... ........।– **(... .... .... ..... ..... ..... ....)**

<u>द्रष्टव्यः</u> यस व्यवसायिक योजनामा विवरण भर्दा लेखापरीक्षण प्रतिवेदनको आधारमा गत असार मसान्तको विवरण भर्नु पर्नेछ।

अनुसुची-२

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

## सार्वजनिक सूचनाको ढाँचा

## कर्णाली प्रदेश भित्रका महिला सहकारी संस्थाका लागि बीउ पुँजी अनुदान उपलब्ध गराउने सम्बन्धी प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः

कर्णाली प्रदेश सरकारले गरिव, वेरोजगार तथा विपन्न महिलाको आयआर्जन क्षमता विकास गर्न सहकारी संस्था मार्फत आवश्यक पूँजी तथा सहुलियतपूर्ण ऋणमा पहुँच वृद्धि गरी स्वरोजगार तथा उद्यमशील बनाउनको लागि मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम अन्तर्गत लक्षित लाभग्राहीहरु आवद्ध संस्थाको संस्थागत पुँजी वृद्धिको लागि बीउ पुँजी अनुदान उपलब्ध गराउने प्रयोजनको लागि प्रत्येक स्थानीय तहबाट कम्तीमा एक/ एक वटा महिला सहकारी संस्था छनौट गर्न यो सूचना प्रकाशन गरिएको छ। यस कार्यक्रममा सहभागी हुन चाहने कर्णाली प्रदेशभित्रका इच्छुक महिला सहकारी संस्थाले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपसिल बमोजिमका कागजातहरू संलग्न राखी सुर्खेत जिल्लाको हकमा कृषि विकास निर्देशनालय सुर्खेत र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाको कृषि विकास कार्यालयमा प्रस्ताव पेश गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराइएको छ।

**आवश्यक कागजातहरू:**

१. मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को अनुसूची - ३ बमोजिमको ढाँचामा परियोजना प्रस्ताव,

२. कार्यविधिको अनुसूची - १ को ढाँचामा व्यवसायिक योजना

३. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

४. संस्थाको विनियमको प्रतिलिपि (संशोधन भएको भए संशोधनको प्रति सहित),

५. सञ्चालक समिति वा साधारण सभाबाट अनुदान प्राप्त गरी महिला सदस्यहरूको आयआर्जन कार्यक्रममा अधिकतम परिचालन गर्ने व्यहोराको निर्णय प्रतिलिपि,

६. पछिल्लो लेखा परीक्षण प्रतिवेदन,

७. करचुक्ता प्रमाणपत्र,

८. मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र,

थप जानकारीका लागि सम्बन्धित कार्यालयको सम्पर्क फोन नम्बरहरु.... .... ..... ..... .....

अनुसुची-३

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

**प्रस्तावको ढाँचा**

मितिः ....... ..... ......

**श्री कार्यालय प्रमुखज्यू,**

........ ........... ......... कार्यालय

....... ....... ...... ..... जिल्ला।

**बिषयः मुख्यमन्त्री आयआर्जन कार्यक्रमका लागि प्रस्ताव पेश गरिएको सम्वन्धमा।**

तहाँ मन्त्रालय वा ...... ......... ......... ...... .... निकायबाट मिति ...... ..... ...... मा प्रकाशित सूचना अनुसार मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रममा सहभागी भई आफ्नो कार्यक्षेत्रभित्रका आर्थिक, सामाजिक रूपमा पछाडि परेका देहायका महिलाहरूको उद्यम तथा आयआर्जनको क्रियाकलापका लागि पूँजी परिचालन गरी आयआर्जनका कार्यक्रमहरू सञ्चालन गर्न इच्छुक रहेकोले कार्यक्रममा सहभागिताका लागि तपसिलको विवरण र कागजातहरू संलग्न राखी प्रस्ताव पेश गरेका छौं। कार्यक्रममा सहभागी गराई दिनुहुन अनुरोध छ।

**तपसिलः**

संस्थाको छाप

१. सहकारी संस्थाको नामः ..... ........ ....... ........ ........ .......... ..... ..... ......

२. ठेगानाः स्थानीय तहः ........ ...... ...... ..... वडा नं. .... ..... .... ..... टोलः ... ....

३. दर्ता नः ...... ......... ....... .... दर्ता मितिः ...... ....... ....... ....... ...... ..... ....

४. दर्ता भएको निकायः ..... ...... ...... ....... ....... ....... ....... ........ ........ ..... ....

५. कार्यक्षेत्रः ......... ............. ......... ................... ................ .......... ........ .....

६. आ.व.०७७/०७८ सम्मको शेयर पूँजी रूः .... ...... ...... ..... ...., बचत रकम रूः .... .... .... ... .. .... ... ऋण लागानी रूः .... .... ..... ......... ...... ........ खुद बचत (नाफा) रूः .... ....

७. स्थायी लेखा वा मूल्य अभिबृद्धि कर नम्बरः .... ..... ..... ......... ..... ...... .... .....

८. सदस्य संख्याः ..... ..... ......... ..... ...... ............ ........ ..........

९. कार्यक्रमको लागि प्रस्ताव गरिएको स्थानीय तहको नाम (एक स्थानीय तह भन्दा बढी कार्यक्षेत्र भएका सहकारी संस्थाको हकमा आफ्नो स्वीकृत कार्यक्षेत्र मध्ये कुनै एक स्थानीय तहको नाम उल्लेख गर्नु पर्नेछ):

१०. स्वरोजगारमूलक ब्ययवसायिक कार्य सम्बन्धमा प्रस्ताव पुष्ट्याई सम्बन्धी विषयः

११. लाभग्राही शेयर सदस्यको विवरणः

| क्र.सं. | नाम थर | ठेगाना | सदस्यता नं. (सदस्य भई नसकेको हकमा खाली राख्ने) | आयआर्जन क्रियाकलापको क्षेत्र (दफा ४ बमोजिम) | रोजगारी अवस्था (बेरोजगार / पति रोजगार/ आफै रोजगार) | इच्छित उद्यम/ व्यवसाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

<u>संलग्न कागजातः</u>

१. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

२. संस्थाको विनियमको प्रतिलिपि (पछिल्लो संशोधन सहित),

३. कार्यविधिको अनुसूची-१ को ढाँचामा व्यावसायिक योजना

४. अनुदान रकम महिला सदस्यहरूको आयआर्जन कार्यक्रममा अधिकतम परिचालन गर्ने व्यहोराको सञ्चालक समिति वा साधारण सभाबाट निर्णय भएको निर्णय प्रतिलिपि,

५. पछिल्लो लेखा परीक्षण प्रतिवेदन,

६. कर चुक्ता प्रमाणपत्र,

७. अनुसूची -४ बमोजिमको प्रतिवद्धता पत्र,

८. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।

सहकारी संस्थाको अध्यक्ष

नाम थरः.......................

हस्ताक्षरः

अनुसूची-४

(दफा १२ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

**प्रतिवद्धता पत्र**

मुख्यमन्त्री महिला आय आर्जन कार्यक्रम अन्तर्गत अनुदान परिचालन गर्ने सम्बन्धमा .... ..... ..... ..... सहकारी संस्था लिमिटेडको तर्फबाट देहाय बमोजिम कार्यान्वयन गर्न प्रतिवद्धता गर्दछौः-

(क) प्रचलित कानून तथा मुख्यमन्त्री महिला कार्यक्रम सम्बन्धी कार्यविधि, २०७८ को पूर्ण पालन गर्नेछौं।

(ख) अनुदान रकमबाट प्रवाह हुने ऋण अधिकतम सदस्यहरूलाइ प्रवाह गर्ने र ब्याज दर बढीमा पाँच प्रतिशत सम्म हुने व्यवस्था गर्नेछौं।

(ग) उत्पादनमूलक र आयआर्जन बृद्धि हुने परियोजनामा मात्र ऋण परिचालन गर्नेछौं।

(घ) सहकारी संस्थाका सदस्यले आफ्नो कार्ययोजना बमोजिमको कार्य सञ्चालन नगरी परियोजनाको निर्धारित अवधि अगावै सो कार्यहरु बन्द गरेमा वा उत्पादनमूलक कार्यक्रममा लगानी नगरी अन्य अनुत्पादक क्षेत्रमा लगानी गरेको पाइएमा त्यस्तो सदस्यबाट प्रचलित ब्याज र हर्जाना सहित फिर्ता गरी अन्य सदस्यको ऋणमा पहुँच बढाउने छौं।

(ङ) स्वीकृत लाभग्राहीको सूची बमोजिमका लाभग्राहीलाई ऋण प्रवाह हुन नसकेमा वा अनुदान रकम निष्कृय रहेमा सो लाभग्राहीको लागि विनियोजित अनुदान रकम प्रदेश सरकारलाई फिर्ता गर्नेछौं।

(च) समान प्रकृतिको कार्यका लागि यस अघि कुनै कार्यक्रम मार्फत अनुदान लिएका छैनौं।

(छ) सञ्चालित कार्यक्रम/ क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने र प्राङ्गारिक कृषिलाई प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव नपार्ने समेत प्रतिवद्धता व्यक्त गर्दछौं।

(ज) सहकारी कानून बमोजिम स्थानीय तहभरी कार्यक्षेत्र विस्तार तथा सदस्यता समेत बिस्तार गरी सेवा विस्तार गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं।

(झ) अधिकतम् लाभग्राहीलाई अनुदान कार्यक्रम अवधारणा अनुसार समेट्नको लागि आफ्नो कार्यक्षेत्र बृद्धि गर्दै लैजाने प्रयत्न गर्नेछौं।

(ञ) सहकारी मुल्य, मान्यता र सिद्धान्त तथा सहकारी कानून र संस्थाको विनियम विपरीत हुने गरी कार्यक्रम सञ्चालन गर्ने छैनौं।

(ट) जगेडा कोषमा प्राप्त अनुदान रकमलाई पहिलो पटक लगानी भएको ऋण असुली भए पश्चात पुनः कार्यक्रमले लक्षित गरेका अन्य महिलाहरुको आय आर्जनका लागि ऋण प्रवाह गर्नेछौं।

(ठ) माथि उल्लेख गरिएका प्रतिबध्दता पालना नगरेमा प्रचलित कानून बमोजिम सहुला/बुझाउँला।

**सहकारी संस्थाको तर्फबाट**

सहकारी संस्थाको नामः............................ औंठाको छांप

ठेगानाः......................... दायाँ बायाँ

सम्पर्क नः......................

अध्यक्षको नाम थरः

दस्तखतः........................

संस्थाको छापः ..... ........ ....... ..........

मितिः .... ........ ....... ..........

कबुलियत विवरण (सञ्चालक समिति अध्यक्ष, कोषाध्यक्ष र सचिव)

| नाम | पद | ठेगाना | सम्पर्क नं. | दाँया | बांयाँ |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची-५

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

**सम्झौताको ढाँचा**

...... ...... ...... ....... ........ ....... ........ कार्यालय (यसपछि "पहिलो पक्ष" भनिएको) र ..... .... ......... जिल्ला ...... ...... ...... ....... गा.पा. / न.पा. .... ... वडानं.....................टोलमा कार्यालय सञ्चालनमा रहेको ..............................महिला सहकारी संस्थालिमिटेड (यसपछि "दोस्रो पक्ष" भनिएको) बीच देहायका शर्त बमोजिम हुने गरी मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ बमोजिम अनुदान परिचालन गर्न मञ्जुर भई यो सम्झौता गरिएको छ।

१. यो सम्झौता मितिः २०७८। । देखि प्रारम्भ हुनेछ।

२. पहिलो पक्षले दोश्रो पक्षलाई लाभग्राही सदस्यको नामनामेशी विवरण र रकम सहितको सूचीका आधारमा जगेडा कोषमा रहने रु. .......... र अन्य खर्च वापत रु. .... .... .... समेत जम्मा रकम रु. .... ..... ..... ......उपलब्ध गराउनेछ। लाभग्राही सदस्यको सूची यस सम्झौताको अभिन्न अङ्ग हुनेछ।

३. लाभग्राही सदस्यलाई ऋण लगानी गरी मुनासिव तरिकाले रकम बचत रहेमा वा लाभग्राही सदस्यलाई ऋण आवश्यक नपरी रकम मौज्दात रहने अवस्था भएमा प्राथमिकताको आधारमा अन्य सदस्यलाई ऋण लगानी गर्न सकिने छ।

४. यस सम्झौता बमोजिम प्राप्त भएको अनुदान रकममध्ये संस्थागत पूँजी वापतको रकम सहकारी संस्थाको जगेडा कोषमा जम्मा गरी लाभग्राही सदस्यको आयआर्जनका कार्यक्रममा मात्र सामूहिक जमानी वा सम्बन्धित सहकारी संस्थाको विनियमको व्यवस्था बमोजिम ऋण सुरक्षणको प्रवन्ध गरी ऋण परिचालन गर्नु पर्नेछ।

५. अनुदान रकमको भुक्तानी इ-पेमेन्ट वा एकाउन्ट पेयी चेक मार्फत गर्नु पर्नेछ।

६. दोस्रो पक्षले मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ बमोजिम बढीमा पाँच प्रतिशत ब्याज दरमा ऋण प्रवाह गर्नु पर्नेछ।

७. सहकारी संस्थाले मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ र सहकारी ऐन, नियम तथा संस्थाको विनियम र ऋण परिचालन नीति अन्तर्गत रही ऋण परिचालन गर्नु पर्नेछ।

८. यस कार्यक्रम अन्तर्गत प्रवाह भएको ऋण असुल गर्ने दायित्व दोस्रो पक्षको हुनेछ। ऋण असुल नभएमा दोस्रो पक्ष जिम्मेवार हुनेछ।

९. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद भएमा प्रथम पक्षको निर्णय अन्तिम हुनेछ।

१०. भुक्तानी हुने बैङ्क र खाता सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः-

(क) सहकारी संस्थाको नामः......................................................................

(ख) बैंक खाता नम्वरः.......................................................................

(ग) खाता रहेको बैङ्कको नाम र ठेगानाः ..................................................

११. अनुदान रकम हिनामिना वा दुरुपयोग गरेमा वा कार्यविधि तथा सम्झौता विपरीत निष्कृय राखेमा वा प्रयोग गरेमा सम्बन्धित जिम्मेवार पदाधिकारी तथा सदस्यहरुबाट सरकारी बाँकी सरह दामासाहीले ब्याज सहित असुल उपर गरी प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

१२. कर्णाली प्रदेश सरकार तथा नियमन अधिकारीबाट हुने निरीक्षण, अनुगमन तथा मूल्याङ्कन कार्यमा सहयोग गर्नु एवं माग भएको प्रगति प्रतिवेदनको प्रदान गर्नु सहकारी संस्थाको कर्तव्य हुनेछ।

१३. न्युनतम वार्षिक एक पटक कार्यक्रमको कार्यान्वयन तथा उपलब्धि अवस्थाको प्रगति बिवरण सहकारी संस्थाले उपयुक्त माध्यमबाट सार्वजनिक सुनुवाइ वा सार्वजनिक गर्नु पर्नेछ।
१४. यो सम्झौतामा उल्लेख भएका विषयमा यसै वमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

| **<u>पहिलो पक्ष</u>** | **<u>दोस्रो पक्ष</u>** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यलयको छापः | संस्थाको छापः |

**<u>रोहवर</u>**

| | |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| ठेगानाः | ठेगानाः |

मितिः २०७८।....। .....

अनुसुची-६

(दफा १५ को उपदफा (३) सँग सम्बन्धित)

**<u>सहकारी स्वयंसेवकको कार्य विवरण</u>**

१. आफ्नो कार्य क्षेत्रमा सञ्चालन भएका आयआर्जनका क्रियाकलापहरूको तथ्याङ्क सङ्कलन र अभिलेखीकरण गर्ने,

२. उत्पादन कार्यक्रमको लागि आवश्यक पर्ने सामग्रीको व्यवस्थापन गर्न समन्वय गर्न सहजीकरण गर्ने,

३. सहकारी सुदृढीकरण, बजारीकरण, उद्यमशीलता लगायतका विविध पक्षहरु समेट्ने गरी आवश्यकता अनुसार तालिम र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालनको लागि सम्पर्क व्यक्तिको रुपमा कार्य गर्ने,

४. कार्यक्रम कार्यान्वयनमा अन्य साझेदार निकाय तथा स्थानीय तहसँग समन्वय र सहकार्य गरी कार्यक्रममा दोहोरोपना आउन नदिन सहयोग गर्ने,

५. सहकारीका सदस्यले सञ्चालन गरेका आयआर्जनका क्रियाकलापहरूको नियमित अनुगमन गर्ने,

६. कार्यक्षेत्र अन्तर्गतका कृषि उद्यम, फर्मको विवरण र उत्पादन हुने कृषि उपजको विवरण अद्यावधिक गरी विस्तृत पार्श्वचित्र तयार पार्ने,

७. कार्यक्रमको मासिक, चौमासिक र वार्षिक प्रतिवेदन पेश गर्ने,

८. कृषि विकास कार्यालयका सहकारी सम्पर्क व्यक्ति वा कार्यालयसँग समन्वयमा रही कार्य गर्ने,

९. सम्बन्धित स्थानीय तहको समेत सहकारी सम्पर्क व्यक्तिको रूपमा कार्य गर्ने,

१०. कृषक समुहहरूलाई सहकारीमा दर्ता गर्ने कार्यमा सहजीकरण गर्ने,

११. मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रमसँग सम्बन्धित कार्यालयबाट तोकिएका अन्य कार्यहरु गर्ने।

अनुसुची-७

(दफा ४ सँग सम्बन्धित)

<u>लाभग्राही सदस्यहरुले सञ्चालन गर्न सक्ने आयआर्जन क्रियाकलपाहरु</u>

(क) कृषि (खाद्यान्न, तरकारी, नगदेबाली, मसलाबाली, फलफुल, च्याउ, बीउ बिजन) उपज उत्पादन, भण्डारण, प्रशोधन र बिक्रि बितरण सम्बन्धी, जस्तैः

- धान, गहुँ, मकै, कोदो, जौ, फापर, कागुनो, मसुरो, सिमी, अडहर, मास, केराउ, चना, भटमास आदि ।
- आलु, काउली, बन्दा, परवल, कुरिलो, भण्टा, चम्सुर, पालुंगो, रायो, ब्रोकाउली, गोलभेंडा, च्याउ, बोडी, सिमी, फर्सी, गाजर, मुला, खोर्सानी, पिंडालु, इसकुस, तरुल, घिरौला आदि ।
- तोरी, सस्र्यू, सूर्यमुखी, जैतुन, आलस आदि ।
- लसुन, प्याज, अदुवा, अलैंची, सूठो, बेसार, सिलाम, मरीच, जिरा, धनिया जस्ता मसला बाली ।
- कपास, अल्लो, लोक्ता खेती, अम्रिसो, बाबियो, रबर आदि ।
- चिया, कफी, तुलसी ।
- आँप, सुन्तला, स्याउ, अनार, दारिम, अम्बा, कागती, निबुवा, भोगटे, ज्यामीर, लप्सी, लिची, कटहर, भूइँकटहर, अङ्गुर, हलुवाबेद, मेवा, केरा, खुर्पानी, च्यूरी, वयर, सतीवयर, अमला, उखु
- विभिन्न किसिमका फूल खेती, टिस्यूकल्चर, बीउ तथा बेर्ना आदि

(ख) प्राङगारिक तथा जैविक मल उत्पादन प्रशोधन तथा बिक्रि बितरण ।

(ग) पशु पंक्षी पालन, पशु जन्य पदार्थ तथा दाना उत्पादन, प्रशोधन र बिक्रि बितरण सम्बन्धी, जस्तैः

- भेडा, च्याङ्ग्रा र चौरी लगायतबाट ऊनको उत्पादन, प्रशोधन र बिक्री वितरण,
- गाई, गोरु, भैंसी, राँगो, बङ्गुर, सुँगुर, खरायो, चौरी, याक, नाक, भेडा, बाख्रा, थुमा, खसी, बाच्छाबाच्छी, पाडा-पाडी, घोडा, गधा, खच्चर र आर्थिक उपार्जनका लागि पालिने अन्य पशुहरु ।
- कुखुरा, हाँस, परेवा, लौकाट, बट्टांई र आर्थिक उपार्जन गर्नका लागि पालिने अन्य पन्क्षीहरु ।

(घ) मत्स्यपालन, मौरीपालन, रेशम किरा पालन आदि ।

(ङ) जडीबुटी, वनजन्य बस्तु उत्पादन, भण्डारण, प्रशोधन र बिक्रि बितरण सम्बन्धी (कानूनले बन्देज गरेका बाहेक),

(च) सिपमूलक उद्योग व्यवसायः

- हाते एवं खुट्टे तान, अर्धस्वचालित तान, वार्पिङ्ग, रङ्गाई, छपाई, सिलाई, बुनाइ, राडी, पाखी, ऊनी गलैंचा, पश्मिना, ऊनी पोशाक, सिकर्मी कार्य, काठबाट कलात्मक वस्तु निर्माण गर्ने कार्य, वेत, बाँस र निगालोका सामान तयार गर्ने

कार्य, प्राकृतिक रेशाबाट विभिन्न वस्तुहरुको निर्माण, हाते कागज उत्पादन आदि

- सुन, चाँदी, तामा, पित्तल, फलाम जस्ता धातुहरुको कार्य, गहना एवं मुर्ति बनाउने कार्य आदि
- सेरामिक्स एवं कुमालेको पेशागत कार्य,
- छाला सम्बन्धी पेशागत कार्य र टयानिङ्ग छाला, हाड, सिङ्ग तथा ढुङ्गाबाट तयार हुने वस्तुहरुको उत्पादन,
- चित्रकला, कागजबाट बनेका सामान, धुप, पुतली, खेलौना आदि ।

(छ) **सेवा व्यवसायः**

- स्वास्थ्य सम्बन्धी सेवा व्यवसायहरु : स्वास्थ्य परीक्षण प्रयोगशाला, प्राकृतिक तथा आयुर्वेद चिकित्सा केन्द्र आदि संचालन, शिशु स्याहार केन्द्र, औषधी पसल ।
- पशुपक्षी सम्बन्धी चिकित्सा व्यवसायहरुः पशु चिकित्सा सम्बन्धी स्वास्थ्य परीक्षण तथा औषधी पसल पशु आहारा खरिद विक्रि आदी।
- कृषि एवं औद्योगिक उत्पादन वृद्धिमा सघाउ पुयाउने सेवा व्यवसायहरुः कृषि सामाग्री बेचबिखन, कृषि उपज बेच विखन, औद्योगिक कच्चा पदार्थको खरदि विक्री आदि ।
- स्वरोजगारमूलक व्यवसायहरूः फोटोकपी, कम्प्यूटर सञ्चालन, मर्मतशाला (टेम्पो, बस, मिनीबस, माईक्रोबस, ट्रक, मिनीट्रक, डेलिभरी भ्यान, कार, जीप, रिक्सा, रेडियो, फोटोकपी, कम्प्यूटर, टि.भी., टेलिफोन, घडी आदि), सिलाई, बुनाई, केश श्रृङ्गार, सिकर्मी, डकर्मीको सेवा,

(ज) दैनिक उपभोगका सामान खरिद बिक्री, पुस्तक, स्टेशनरी एवं अन्य शैक्षिक सामग्रीको खरिद बिक्री, चिया, खाजा तथा चमेना पसल

(झ) पर्यटन सम्बन्धी व्यवसायहरुः होटेल, मोटेल, रेष्टुरेण्ट, ट्राभल एजेन्सी, ट्रेकिङ्ग, न्याफटिङ्ग, टुर गाइड, होम स्टे आदि

(ञ) सम्बन्धित सहकारी संस्थाको ऋण नीति अनुसार संचालन गर्न सकिने आयआर्जनमूलक व्यवसायहरु ।